# सूर्यविनायक नगरपालिकाको
# नगरसभाको एघारौं अधिवेशनमा
## नगर प्रमुख श्री बासुदेव थापाद्वारा
प्रस्तुत भई पारित भएको आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

## सूर्यविनायक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल
२०७९ साल असार ९ गते, बिहीबार

भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य
माननीय महेश बस्नेतज्यू,

बागमती प्रदेश सरकारका उद्योग, वाणिज्य एवं आपूर्ति राज्यमन्त्री
माननीय रजनी अमात्य जोन्छेज्यू

बागमती प्रदेशसभा सदस्य माननीय शशीजंग थापाज्यू,

जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख श्री इश्वर बहादुर थापाज्यू,

सूर्यविनायक नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा नगर सभाका सम्पूर्ण सदस्यहरु,

१) सर्वप्रथम नेपालको संविधान जारी भएपछि दोस्रो पटक मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनबाट हामीलाई निर्वाचित गर्नुहुने सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु। निर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने निर्वाचन आयोग, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, संचार माध्यम, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालालाई हार्दिक धन्यवाद दिदै सूर्यविनायक नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा म यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु।

२) यस गरिमामय सभामा सूर्यविनायक नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ। यस अवसरमा म नेपालको राष्ट्रिय एकता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र लोकतान्त्रिक शासन प्रणालीको स्थापना र जगेर्ना गर्न भएका विभिन्न आन्दोलन, संघर्ष र क्रान्तिमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३) दुई वर्ष अघिदेखि विश्वभर फैलिएको कोभिड-१९ को असर न्यूनीकरण भई जनजीवन क्रमशः सामान्य बन्दै गएको छ। कोभिड नियन्त्रणको लागि अग्रपंक्तिमा रहेर सेवामा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, जनप्रतिनिधि, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी तथा गैरसरकारी संघसंस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु। हामी सबैको अथक प्रयासको बाबजुद यस महामारीबाट ६७ जना नगरबासीले जीवन गुमाउनु परेकोमा दुःख व्यक्त गर्दै मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आफन्त र परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।

४) विभिन्न प्रतिकूलता र सीमित स्रोत साधनको बीच अघिल्लो कार्यकालमा पूर्वाधार विकास, कानून निर्माण, संस्थागत विकास र सामाजिक आर्थिक रुपान्तरणको क्षेत्रमा यस नगरपालिकामा उल्लेखनीय कार्यहरु भएका छन्। ७४ किमी सडक कालोपत्रे, ३० किमी सडक ढलान, ३३ वटा कल्भर्ट तथा सडक पूल निर्माण, ४० किमी ढल निर्माण, ३५०० वटा सडक बत्ती जडान, १०

हजार घरधुरीमा खानेपानी पहुँच, ७६ वटा कानून निर्माण, अस्पताल, स्वास्थ्य चौकी, विद्यालय तथा वडा कार्यालय भवन निर्माण, ५८६ वटा लक्षित कार्यक्रम संचालन यसका केही उदाहरण हुन् । यसबीचमा नगरसभाको १० वटा अधिवेशन र कार्यपालिकाको १२२ वटा बैठक सर्वसम्मत रुपमा सम्पन्न भएका थिए । अबको पाँच वर्षमा अघिल्लो कार्यकालका असल अभ्यासलाई निरन्तरता दिँदै विगतका अधुरा कामहरुलाई सम्पन्न गर्ने र स्रोतको उपलब्धता एवं आवश्यकता र प्राथमिकताको आधारमा बाँकी कामहरुलाई सम्पन्न गर्ने दिशामा यो टिम क्रियाशील हुने कुरामा म विश्वस्त छु ।

५) "कृषि, शिक्षा, पर्यटन र पूर्वाधारः सूर्यविनायक समृद्धिको मूल आधार" भन्ने हाम्रो मूल मर्मलाई आत्मसात गरी कृषि, उद्योग, पर्यटन, संस्कृति, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासको माध्यमबाट यस नगरपालिकालाई नेपालकै उत्कृष्ट, व्यवस्थित र सुन्दर नगर बनाई "हाम्रो रहर, समृद्ध नगर"को सपनालाई साकार पार्न देहायका रणनीतिक आधार र पक्षलाई ध्यानमा राखी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छः-

क) कृषि, उद्यमशीलता विकास, पर्यटन प्रवर्द्धन, स्थानीयस्तरमा रोजगारी सिर्जना, विकास निर्माण र सामाजिक उत्थानका कार्यक्रमलाई प्राथमिकता दिने,

ख) स्वास्थ्य, शिक्षा तथा अन्य सामाजिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी स्वस्थ, शिक्षित, न्यायपूर्ण र गतिशील समाज निर्माण गर्ने,

ग) स्रोतको मितव्ययी र औचित्यपूर्ण प्रयोग गरी अपेक्षित आर्थिक उपलब्धि हासिल तथा विकासका प्रतिफलको न्यायोचित वितरण गर्ने,

घ) समग्र र सन्तुलित विकासको लागि शुरु गरिएका आयोजना तथा कार्यक्रमहरु तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने,

ङ) आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण, फजुल खर्च नियन्त्रण, वित्तीय अनुशासन एवं उत्पादनशील र रोजगारमूलक क्षेत्रमा लगानी बढाउने,

च) सेवा प्रवाहमा प्रविधिको प्रयोग वृद्धि गरी सेवा प्रवाहमा सुधार, सुशासन जवाफदेहीता र पारदर्शीता अभिवृद्धि गर्ने ।

६) निर्वाचनको क्रममा जनतासामु हामीले प्रस्तुत गरेको प्रतिवद्धता अनुसारको लक्ष्य हासिल गर्न नेपालको संविधान, नेपाल सरकार तथा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट, आवधिक योजना, दिगो विकास लक्ष्यका साथै अन्य क्षेत्रगत नीति एवं मार्गदर्शनमा आधारित भई उपरोक्त नीति, योजना र कार्यक्रमसँग सामञ्जस्यता कायम राख्दै नगरबासीको आधारभूत आवश्यकताको परिपूर्ति, रोजगारी सिर्जना, विकासमा स्थानीय स्रोत, साधन, सीप, पूँजी र प्रविधिको प्रयोग, सुशासन, सामाजिक न्याय र समानता कायम गर्ने दिशामा नीति तथा कार्यक्रम केन्द्रित रहेकोछ ।

७) नगरमा योजनावद्ध विकासलाई संस्थागत गर्न पच्चीस वर्षीय एकीकृत शहरी विकास योजनाको जगमा नगरपालिकाको पाँच वर्षीय रणनीतिक योजना तर्जुमा गरी उक्त योजनाले निर्दिष्ट गरेको लक्ष्य र प्राथमिकताको आधारमा नगरपालिकाको नीति, योजना र कार्यक्रमलाई परिलक्षित गरिनेछ ।

८) नेपालको संविधान, संघ तथा प्रदेश सरकारको नीति, योजना र कार्यक्रमको अलावा अन्य क्षेत्रगत नीति एवं मार्गदर्शनमा आधारित रही ति नीति, योजना र कार्यक्रमसँग तादम्यता कायम राख्दै नगरपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, उद्यमशीलता विकास लगायतका विषय क्षेत्रगत नीति, योजना, रणनीति र कार्ययोजना तर्जुमा गरिनेछ ।

९) सम्पूर्ण विद्यालयहरुलाई प्रविधिमैत्री एवं बालमैत्री बनाइनेछ । यसको लागि तीन तहको सरकारको सहयोग र समुदायको सहकार्यमा विद्यालयहरुलाई पूर्वाधार र स्रोत साधनले सम्पन्न तुल्याउने कार्यलाई निरन्तरता दिइनेछ । यस क्रममा विद्यालयमा शुद्ध पिउने पानी, विद्युतीय हाजिरी, इन्टरनेट जडान, फर्निचर तथा आधारभुत स्वास्थ्य सामाग्रीको उपलब्धताको लागि प्रत्येक विद्यालयमा प्रार्थमिक स्वास्थ्य उपचार किट उपलब्ध गराइने छ ।

१०) शिक्षण सिकाईको प्रभावकारिता वृद्धिको लागि विद्यालयका शिक्षकहरुलाई पेशागत दक्षता अभिबृद्धिका लागि तथ्याङ्क, लेखा तथा विभिन्न विषयमा विषयगत तालिमहरु सञ्चालन गरिनेछ । सिकाइ उपलब्धिमा सुधार तथा विद्यालयको समग्र शैक्षिक व्यवस्थापनमा गुणात्मक परिवर्तन ल्याउन विज्ञ समूहद्धारा प्रधानाध्यापकको जिम्मेवारी बहन गर्न योग्यता पुगेका व्यक्तिको दक्षता, क्षमता, सीप तथा कौशल परीक्षण गरी त्यसमा अब्बल देखिएका व्यक्तिलाई प्र.अ. नियुक्त गरी कार्यसम्पादन करार गरिनेछ । त्यसैगरी प्र.अ. र शिक्षकबीच पनि कार्यसम्पादन करार सम्झौता गरी त्यसको प्रभावकारी कार्यान्वयनको थालनी गरिनेछ । विद्यालयको समग्र व्यवस्थापन, विद्यार्थी संख्या तथा नतिजाको आधारमा उत्कृष्ट सामुदायिक विद्यालय, प्र.अ. र शिक्षकलाई पुरस्कृत गर्ने कार्यको थालनी गरिनेछ ।

११) “बालबालिकाहरुलाई विद्यालय ल्याई सिकाऔं, टिकाऔं र बिकाऔं” को नीतिलाई निरन्तरता दिइनेछ । स्थानीय इतिहास, भूगोल, कला, साहित्य, संस्कृति आदि विषयको जानकारी र नगरप्रतिको अपनत्वभाव विकास गर्न यस वर्षदेखि स्थानीय पाठ्यक्रम सबै विद्यालयमा पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ भने स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तकको पाण्डुलीपि तयार परिनेछ ।

१२) बालविकास केन्द्रको सुदृढीकरण तथा बालविकास सहजकर्ताको क्षमता विकासको कार्यलाई निरन्तरता दिदै नमूना बालविकास केन्द्र निर्माण र विकास गरिनेछ । सामुदायिक विद्यालयहरुमा प्रारम्भिक कक्षा देखि माथिल्लो कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३) सामुदायिक र संस्थागत विद्यालयका बीचमा शिक्षामा गुणस्तर र पहुँचमा समानता स्थापित गर्न अन्तर विद्यालय अनुगमन भ्रमण, सिकाई साझेदारी, असल अभ्यास आदान प्रदान र विभिन्न किसिमका अतिरिक्त तथा सह क्रियाकलाप निरन्तर सञ्चालन गरिनेछ ।

१४) सूर्यविनायक नगरपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्न नगरक्षेत्रभित्र योजनाबद्ध ढंगबाट शैक्षिक क्रियाकलाप अगाडि बढाउनको लागि नगर शिक्षा योजना लागू गरिनेछ । सभ्य र अनुशासित नागरिक निर्माणको लागि स्काउटिङ्ग शिक्षालाई अभियानको रुपमा संचालन गरिनेछ ।

१५) विद्यालय शिक्षा पूरा गरेका गरिब, विपन्न, दलित तथा पिछडिएको वर्ग र समुदायका छात्रछात्राहरुको उच्च शिक्षामा पहुँच वृद्धिको लागि प्रोत्साहन मूलक अनुदान कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

१६) हाल एसईई परीक्षामा उत्कृष्ट विद्यार्थीलाई प्रदान गरिदै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै कक्षा १२ तथा उच्च शिक्षामा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थीलाई प्रोत्सान तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

१७) सामुदायिक र संस्थागत विद्यालयको एउटै शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्ने, विद्यार्थी संख्याको आधारमा विद्यालयको तह घटाउने वा विद्यालय गाभ्ने र शिक्षक दरबन्दी सोही अनुसार मिलान गर्ने कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिकाको शिक्षा शाखाबाट विद्यालय अनुगमन र सुपरीवेक्षणको कामलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१८) मध्यमस्तरीय प्राविधिक जनशक्ति तयार गर्न विश्वविद्यालय र सिटिइभिटीसँगको सहयोग एवं सहकार्यमा प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम संचालन गर्न संभाव्य स्थान पहिचान गरी कार्यक्रम कार्यान्वयनको प्रकृया अगाडि बढाइने छ ।

१९) समुदायस्तरदेखि नै खेल र खेलसंस्कृतिको विकास र प्रवर्द्धन गर्न सूर्यविनायक कप, नगर प्रमुख कप लगायत विभिन्न किसिमका नगरस्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ ।

२०) एक वडा एक खेलमैदान, एक टोल एक व्यायमशाला तथा योग साधना केन्द्र निर्माणको थालनी गरिनेछ । युवाहरुलाई विभिन्न खेलकुदमा आकर्षण गर्न नगरक्षेत्रभित्र बसोबास गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विशेष योगदान पुऱ्याउका खेलाडी तथा खेल क्षेत्रका व्यक्तिलाई सम्मान र पुरस्कृत गर्ने संस्कृतिलाई निरन्तरता दिइनेछ ।

२१) युवा तथा बालबालिकामा रहेको अन्तर्निहित प्रतिभा र क्षमताको प्रस्फुटनका साथै नगरबासीबीच सम्बन्ध विकास र व्यक्तित्व विकासको लागि नगरस्तरीय साहित्यिक एवं सास्कृतिक कार्यक्रम, हाजिरीजवाफ, वक्तृत्वकला लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२२) कोभिड-१९ महामारी विरुद्धको खोप कार्यक्रमलाई चरणबद्ध अभियानको रुपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिई सूर्यविनायक नगरपालिकालाई कोभिड-१९ पूर्ण खोप नगरपालिका घोषणा गरिनेछ ।

२३) सबै वडाका स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्ति र स्वास्थ्य सामग्री एवं उपकरणहरुको समुचित प्रबन्ध मिलाइनेछ। यस नगरपालिकाको वडा नं ८ जगातीमा अवस्थित सूर्यविनायक नगर अस्पतालमा सेवा बिस्तार गर्नुका साथै यसलाई विशेषज्ञ सेवा सहितको सुविधा सम्पन्न नमूना अस्पताल बनाइनेछ। सूर्यविनायक नगर अस्पतालबाट प्रदान गरिने सबै सेवाहरुमा सूर्यविनायक नगर क्षेत्र भित्रका स्थायी नागरिकहरुलाई १५ प्रतिशत छुटमा स्वास्थ्य सेवा प्रदान गरिनेछ।

२४) निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सहज पहुँचलाई उच्च प्राथमिकतामा राखी "नगरबासीलाई स्वास्थ्य बीमामा आवद्धताः सर्वव्यापी स्वास्थ्य सेवा पहुँचको सुनिश्चितता" भन्ने अभियानका साथ स्वास्थ्य बीमा कार्यक्रमलाई व्यापक बनाइनेछ। नगर स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि अनुसार सबै परिवारलाई स्वास्थ्य बीमा कार्यक्रम वापत लाग्ने खर्च मध्ये रु. १०००।०० नगरपालिकाले व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिइने छ।

२५) "निरोगी नगर" निर्माणको अभियानलाई सार्थक तुल्याउन नगरपालिका मातहतका स्वास्थ्य संस्थाबाट नगरबासीले निःशुल्क रुपमा पाउने विभिन्न ९८ प्रकारका औषधीहरुको सहज उपभोगको व्यवस्था मिलाउनुको साथै नगरपालिकाले निःशुल्क उपलब्ध गराएका औषधी तथा अन्य सेवाहरुको  विवरण सार्वजनिक गरिनेछ। सुलभ र गुणस्तरीय सेवाको पहुँच सुनिश्चित गर्न आवश्यक पूर्वाधार, जनशक्ति, प्रविधि तथा उपकरण र कार्यरत जनशक्तिको ज्ञान तथा क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

२६) समुदायमा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेख्य योगदान पु¥याउदै आएका महिला स्वास्थ्य स्वयम् सेविकालाई दिइदै आएको सेवा सुविधालाई निरन्तरता दिदै उनीहरुलाई आधारभूत तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ। शारिरीक रुपमा कमजोर र ६० वर्ष उमेर पूरा गरेका स्वयम् सेविकालाई प्रोत्साहन सहित सेवाबाट बिदा दिने र रिक्त स्थानमा पदपूर्ति गरी सेवाको प्रबन्ध मिलाइनेछ।

२७) "स्वस्थ नगर हामी सबैको रहर" को ध्ययेे पूरा गर्न घुम्ती शिविर मार्फत विशेषज्ञ सेवा, प्रयोगशाला सेवा, पोषण सेवा र निःशुल्क औषधि वितरण तथा नसर्ने रोग सम्बन्धि विभिन्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। १६ वर्ष मुनि उमेर समूहका क्यान्सर बिरामीको उपचारमा विशेष आर्थिक सहायतालाई निरन्तरता दिईने छ। मानसिक स्वास्थ्यका बिरामीहरुको लागि आवश्यक सहयोग गरिनेछ।

२८) स्वास्थ्य संस्था र अस्पतालबाट प्रदान गर्दै आएको नियमित खोपलाई व्यवस्थित गुणस्तरीय र सहज रुपमा खोप सेवा उपलब्ध गराउन सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा WHO मापदण्ड अनुसारको फ्रिजको व्यवस्थापन गरिदै लगिने छ। स्वास्थ्य चौकीको ल्याब सेवालाई थप सुदृढ र सुविधा सम्पन्न बनाइनेछ।

२९) सुरक्षित मातृत्व सेवा अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरुलाई चरणबद्ध स्वास्थ्य जाँच

एवम् नवजात शिशुको स्वास्थ्य प्रवर्द्धनको लागि गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम चक्की सबै स्वास्थ्य संस्थाबाट वितरण गरिनेछ ।

३०) आर्थिक हिसाबले विपन्न परिवारका मुटु रोगी, मृगौला रोगी, मेरुदण्डको पक्षघात भएका र क्यान्सरका बिरामीलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको कार्यविधि अनुसारको आर्थिक सहायता नगरपालिकाबाट नियमानुसार भुक्तानी दिई पछि मन्त्रालयबाट सोध भर्ना लिने व्यवस्था मिलाइनेछ ।

३१) नगरपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाबाट प्रवाह गरिने स्वास्थ्य सेवा र तिनको मापन गर्ने सूचक बनाई सो अनुसार सेवा प्रवाहको स्तरको मापन गरी उत्कृष्ट सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था र कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

३२) नगरपालिकाभित्र आयुर्वेदिक स्वास्थ्य सेवालाई पनि सँगसँगै अगाडि बढाइनेछ । यसको लागि आरोग्य सेवा केन्द्र संचालन, बिस्तार र आवश्यक औषधी व्यवस्थापनमा नगरपालिकाले सहयोग गर्नेछ ।

३३) बेमौसमी तथा मौसमी व्यवसायिक तरकारी खेती, व्यसायिक पुष्प खेतीको लागि पकेट क्षेत्र बनाई उत्पादन एवं बजारीकणको व्यवस्था गरी कृषकको जीवन स्तरमा सुधार ल्याइनेछ । कौसी खेती प्रवर्द्धन गर्न कौशी खेती गर्ने कृषकलाई बीउ बिजन र तालिमको व्यवस्था मिलाइनेछ ।

३४) यस नगरपालिका भित्र कृषिको व्यवसायीकरण गरी उत्पादनमा आत्म निर्भर बनाउन तथा स्थानीय रोजगारी सिर्जनाको लागि कृषक, कृषक समूह र निजी कृषि फर्मलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा दोहोरोपना नहुने गरी नगरपालिकाले अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

३५) दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्रको सूचिकरण गरी कृषकलाई फ्याटमा अनुदान दिने व्यवस्था मिलाउन आवश्यक गृहकार्य गरिनेछ ।

३६) बालीबीमा तथा पशुबीमा कार्यक्रममा कृषकलाई प्रोत्साहन मार्फत् कृषकहरुको जोमिख न्यूनिकरण गरिदै लगिनेछ । मासु र मासुजन्य उत्पादन, दूग्धजन्य पदार्थ उत्पादन, पशु नश्ल सुधारको लागि गाई, भैसी र बाख्रामा कृत्रिम गर्भाधानको लागि नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

३७) संभाव्यता अध्ययन गरी सहकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा नगरक्षेत्र भित्र हाटबजार, कृषि उपज संकलन तथा भण्डारण केन्द्र, चिस्यान केन्द्र, कृषि प्रयोगशाला आदि निर्माण तथा कृषि प्रदर्शनी आयोजना गरिनेछ ।

३८) व्यवसायिक रुपमा कृषि तथा पशुपंक्षी क्षेत्रमा काम गर्न इच्छुक कृषक वा कृषि समूहलाई व्यवसायिक योजनाको आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ । कृषि उद्यम तिर सम्मान र आकर्षण बढाउन उत्कृष्ट कृषकलाई सम्मान गर्ने कार्यको थालनी गरिनेछ ।

३९) कृषि उत्पादनलाई आधुनिकीकरण मार्फत कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न

कृषक तथा कृषक समूहहरुलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको बीउ बिजन, कृषि औजार र सामाग्री वितरण, व्यवसायिक तरकारी खेती गरिरहेका कृषकहरुलाई प्रोत्साहन गर्न ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण र बँदेलद्वारा बालीनाली नष्ट भई पीडित कृषकहरुको लागि ५० प्रतिशत अनुदानमा फलफूलको बिरुवा वितरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४०) बढ्दै गएको रासायनिक मलको प्रयोग न्यूनीकरण गर्नको लागि प्रांगारिक खेती प्रवर्द्धनलाई प्राथमिकता दिई माटो सुधारका कार्यक्रम सञ्चालनको लागि कृषि चुन र प्रांगारिक मल वितरण गरिने छ। कृषियोग्य जमिनमा सिँचाइको सुविधा नपुगेका स्थानमा क्रमशः सिँचाइ सुविधा पुऱ्याउँदै लगिनेछ ।

४१) किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिदै सूचीकृत किसानलाई निश्चित मापदण्डको आधारमा व्यवसायिक र व्यवसायोन्मुख कृषक पहिचान गरी कृषि तथा पशुपन्छी मन्त्रालयसँगको समन्वयमा कृषक परिचयपत्र वितरण कार्य शुरु गरिने छ ।

४२) “उद्यमशीलता, उत्पादनवृद्धि र रोजगारः समृद्ध नगर निर्माणको आधार” लाई यथार्थतामा परिणत गर्न लघु उद्यम विकास कार्यक्रमलाई व्यवसायिक उत्पादन एवं सीप र प्रविधिसँग जोड्दै उपलब्ध स्रोत, साधन, पूँजी, सीप र प्रविधिको अधिकतम उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धिको लागि स्थानीय स्रोत, साधन, सीप र प्रविधिमा आधारित रोजगारी सिर्जना गरिने छ । लघु, घरेलु, साना तथा मझौला उद्यमलाई प्राथमिकता र प्रोत्साहन गरी साना तथा मझौला उद्योग व्यवसाय शुरु गर्न चाहने युवालाई नगर स्वरोजगार कोषको व्यवस्था गरी बैंक तथा वित्तीय संस्थासँगको समन्वयमा सहुलियतपूर्ण ऋण सुविधाको व्यवस्था मिलाइनेछ ।

४३) हातमा सीप नभएका तर अवसर पाए केही गर्छु भन्ने भावना भएका युवालाई दक्ष र सीपयुक्त बनाई रोजगारीको सुनिश्चितताको लागि सहकारी, निजी तथा गैरसरकारी संघ संस्थाको सहकार्यमा छोटो अवधिको प्राविधिक तथा सीपमूलक तालिम संचालन र कार्यक्रम प्रस्तावको आधारमा व्यवसाय शुरु गर्न अनुदानको व्यवस्था गरिनेछ। वैदेशिक रोजगारीबाट स्वदेशमा फर्केका युवाहरुलाई उनीहरुको ज्ञान, सीप र अनुभवको आधारमा उद्यशिलता तथा उत्पादनमा जोड्न कार्यक्रम सञ्चालन गरिनेछ ।

४४) सीप भएका उद्यमशील नागरिकलाई व्यवसाय सञ्चालन गर्न समन्वय र सहजीकरण गरिनेछ। सिर्जनशील उद्यम व्यवसाय सञ्चालन गर्ने, धेरैलाई रोजगारी दिने वा रोजगारीको अवसर सिर्जना गर्ने उद्यमीलाई वर्ष उद्यमी सम्मानबाट पुरस्कृत गरिनेछ। नगरपालिकाको वडा नं. ७ मा निर्माणाधीन उद्योग ग्राम निर्माण कार्यलाई तिव्रता दिइनेछ ।

४५) स्थानीय कच्चा पदार्थको प्रयोगमा स्थानीयस्तरमै उपभोग हुने वस्तु उत्पादन गर्ने वातावरणमैत्री उद्योग स्थापना गरी २५ जना भन्दा बढीलाई रोजागारी दिने उद्योगलाई नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरणमा निश्चित प्रतिशत छुट दिने व्यवस्था गरिनेछ ।

४६) नगर क्षेत्रका सबै घरेलु, साना तथा मझौला उद्योगको अभिलेखीकरण तथा सूचीकरण गरी विवरण अद्यावधिक गरिनेछ। उद्योग व्यवसाय दर्ता र संचालनको लागि प्रोत्साहन तथा स्थानीयस्तरमा उत्पादित वस्तुलाई ब्राण्डिङ गरी आय आर्जन प्रवर्द्धन गर्ने नीति लिइनेछ।

४७) रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाई श्रम सूचना बैंक मार्फत बेरोजगारहरुको तथ्याङ्क अद्यावधिक राख्ने र नगरपालिकाभित्र संचालन हुने विकास निर्माणको काममा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिई सरकारी, निजी तथा गैरसरकारी संस्था एवं व्यक्ति वा समुदायको लागि आवश्यक श्रमशक्ति उपलब्ध गराउने नीति दिइनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सिंचाई, नदी नियन्त्रण, वन, पर्यटन, पूर्वाधार निर्माण लगायतका कामसँग जोडिनेछ।

४८) उपभोक्ताको हक हित र अधिकारको संरक्षणका लागि बजार अनुगमनलाई नियमित र व्यवस्थित गरी गुणस्तरीय र स्वस्थकर सामान सुपथ मूल्यमा सहज ढंगबाट उपभोक्ताले प्राप्त गर्ने कुराको सुनिश्चित गरिनेछ।

४९) धार्मिक एवं साँस्कृतिक पर्यटनको विकासको गुरु योजना तर्जुमा गरिनेछ। शिव सर्किटको डीपीआर कार्यान्वयन गर्न विभिन्न सरोकारवालासँग सहकार्य गरी स्रोत पहिचान संकलन एवं परिचालन गरिनेछ। पर्यटनको संभाव्यता पहिचान र यसका काम गर्न चाहने व्यक्ति वा संस्थालाई सहयोग र सहजीकरण गरिनेछ। राष्ट्रिय प्राणी उद्यानको निर्माणलाई तिव्रता दिन सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

५०) भाषा, कला, संस्कृति, सम्पदा र साहित्यको संरक्षण, संवर्द्धन र विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ। निर्माण सम्पन्न हुन बाँकी रहेका धार्मिक सम्पदा (मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, घाट आदि), पर्यटकीय एवं रमणीय स्थलहरुको निर्माण कार्य सम्पन्न गरी एकद्वार प्रणालीद्वारा तिनको संरक्षण र सम्बर्द्धनको लागि कोषको व्यवस्था गरी दीगो व्यवस्थापन गरिनेछ।

५१) नगरपालिका क्षेत्रका रमणीय पहाडी क्षेत्रहरु ध्याम्पेडाँडा, रानीकोट, चुच्चे ढुंगा, पोखरीथुम्का, अन्तलिंग, कैलाश डाँडा, सुवर्णेश्वर डाँडा, मालिगाउँ, बुकाचोगढी, काक्राबारी, भंगाल, सल्लाघारी लगायत पर्यटन क्षेत्रको पहिचान तथा निजीक्षेत्रसँगको सहकार्यमा फुर्सदको समय उपयोग तथा मनोरञ्जन लिने सहासिक एवं मनोरन्जनात्मक खेलस्थल, पार्क, संग्रहालय, उद्यान, पदमार्ग, आराम क्षेत्र लगायत मानव निर्मित पर्यटकीय संरचना तथा पूर्वाधार निर्माणगरी आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य स्थलहरुको रुपमा विकास गरिनेछ।

५२) पर्यटन प्रवर्द्धन र यस क्षेत्रमा आवश्यक संरचना एवं पूर्वाधार निर्माणको लागि फोर पि अर्थात समुदाय, सरकार र निजीक्षेत्रसँग साझेदारी गर्ने अवधारणा कार्यान्वयन गरिनेछ। पर्यटन क्षेत्रमा निजी लगानी आकर्षित गर्न नगरक्षेत्रभित्रका पर्यटकीय संभावनाको विषयमा यस वर्ष राष्ट्रियस्तरका उद्यमी व्यवसायीको भेला आयोजना गरिनेछ।

५३) सफा र हरित शहरको सपना साकार पार्न नगर क्षेत्रका खाली जमिनमा वृक्षरोपण, हरितपार्क

तथा हरित पदमार्ग निर्माणलाई नगरपालिका र संघसंस्थाहरुसँगको सहकार्यमा अभियानको रुपमा सञ्चालन गरिनेछ ।

५४) वनको संरक्षण, विकास र उपयोगमा नगरवासीको सहभागिता अभिवृद्धि गर्न सामुदायिक वन उपभोक्ता समूहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सूर्यविनायक नगरपालिकाको वन वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ बमोजिम बमोजिम नगरपालिकाको दायराभित्र ल्याइनेछ ।

५५) सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिबृद्धि गरी वन जंगल विस्तार तथा संरक्षण गर्ने र गैरकाष्ट पैदावार (अमरिसो, घाँस, कुचो फलफूल, जडिवुटी) खेती गर्दै सामुदायिक तथा सार्वजनिक वनको संरक्षण गरी नागरिकलाई उत्पादनसँग  जोडिनेछ । वन्यजन्तुको चोरी सिकारी तथा डढेलो नियन्त्रण र वन क्षेत्रमा विना अध्ययन डोजर चलाउने प्रवृत्ति नियन्त्रण गरिनेछ ।

५६) नगरक्षेत्रभित्र अरनिको राजमार्ग तथा अन्य सडक आसपास क्षेत्रमा वृक्षरोपण तथा रोपिएका बोटबिरुवा र दुबो सहितको हरियालीको संरक्षण गर्न सहकारी, निजी तथा सामुदायिक संघसंस्थासँग सहकार्य गरी दिगो हरित सडक विकास गरिनेछ ।

५७) जल, वायू, माटो, ध्वनितथा विद्युतीय लगायत सबै प्रकारको वातावरणीय प्रदूषणको रोकथाम र नियन्त्रण गर्न आवश्यक नीति, कानून र प्रभावकारी संरचना निर्माण गर्नुका साथै सोध, अनुसन्धान र क्षमता अभिवृद्धि एवम् चेतनामूलक कार्यक्रमहरुको सञ्चालनमा निरन्तरता दिइनेछ । प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्ने तथा सार्वजनिकस्थलमा जथाभावी फोहरमैला विसर्जन गर्नेलाई कानून बमोजिम तत्काल कारवाही गरिनेछ ।

५८) नगरक्षेत्रमा वातावरणीय मापदण्ड पुरा नगरेका कुनै पनि प्रकारका उद्योग कल कारखाना स्थापना र सञ्चालनमा पूर्ण रोक लगाउने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

५९) नेपाल सरकार, प्रदेश सरकार तथा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील संस्थासँगको समन्वय र सहयोगमा नगर जलवायु अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । जलवायु परिवर्तनको असर न्यूनिकरण र हरियाली प्रवर्द्धन गर्न सार्वजनिक स्थल तथा सडक किनारामा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६०) प्राकृतिक तथा गैर प्राकृतिक विपदका कारण भौतिक, आर्थिक, सामाजिक विकास र प्रगतिमा प्रतिकूल प्रभाव पर्न सक्ने कुरामा सचेत रहँदै सबै प्रकारका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न नगरपालिकाको विपद् व्यवस्थापन कोषमा नगरपालिकाको तर्फबाट गरिने योगदान रकममा वृद्धि गरी उक्त कोषमा रकम जम्मा गर्न व्यक्ति, निजीक्षेत्र, सरकारी निकाय, सहकारी र गैरसरकारी संघसंस्थालाई समेत आव्हान गरी सहलगानीमा विपद व्यवस्थापन कार्य गर्ने नीति लिइनेछ । प्राकृतिक विपत्तिको सामानाको पूर्वतयारी र गैरप्राकृतिक विपत्तिको रोकथामका लागि करिडोर निर्माण, अग्नि रेखा निर्माण, वृक्षारोपण, तटबन्ध निर्माण लगायतका

कार्यहरुलाई निरन्तरता दिइनेछ ।

६१) यस आर्थिक वर्षबाट घरनक्सा पास गर्दा विद्युतीय घरनक्सा पास प्रणाली EBPS पूर्ण रुपमा लागू गरिनेछ भने घरनक्सा सम्बन्धी पुराना फाइलहरु डिजिटाइजेशन गर्ने कार्य सम्पन्न गरिनेछ ।

६२) स्थानीय मौलिक तथा प्राचिन वास्तुकला प्रवर्द्धन गर्न स्थानीय निर्माण सामग्री प्रयोग गरी सुरक्षित घर निर्माणलाई प्रोत्साहन गरिनेछ । भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता र नगरपालिकाको घर नक्सा तथा बाटो सम्बन्धी मापदण्ड कडाइका साथ लागू गरिनेछ ।

६३) सघन शहरी बस्ती भएका स्थानमा उपभोक्ताको सहलगानीमा पार्क, ढल, विद्युत, खानेपानी तथा शहरी सडक निर्माणलाई प्राथमिकता दिइनेछ ।

६४) नगरपालिकाको स्वीकृति विना भौतिक संरचना निर्माण गरेमा त्यस्तो भौतिक संरचना नगरपालिकाबाट हटाई लागेको सम्पूर्ण खर्च सरकारी बाँकी सरह सम्वन्धित व्यक्ति वा संस्थाबाट असूल उपर गरिनेछ । पूर्व स्वीकृतिविना नगरक्षेत्रमा जग्गा सम्याउने, भू-संरचना बिगार्ने वा जमिन खण्डीकरण गर्ने गरेको पाइएमा तत्काल कानूनी दायरामा ल्याइनेछ ।

६५) व्यवस्थित बस्ती विकास र शहरीकरणलाई संस्थागत गर्न जग्गा विकास तथा शहरी विकास सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । जग्गा विकास आयोजना मार्फत विकसित घडेरीमा सबै खाले पूर्वाधार सहितको एकै किसिमको डिजाइन भएका घरहरु निर्माण गरी नमूना बस्ती विकासको प्रयास गरिनेछ । पुराना एवं ऐतिहासिक सम्पदाको रुपमा रहेका बस्तीलाई जोनिङ्ग गरी व्यवस्थित गरिनेछ ।

६६) नगरक्षेत्रका खुला, उपयुक्त र मापदण्ड पुगेका स्थानमा संयुक्त आवास/अपार्टमेन्ट वा बहुउपयोगी व्यापारिक भवन/कम्प्लेक्स निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । ऐतिहासिक, धार्मिक र परम्परागत विविधता संरक्षण सहितको योजनाबद्ध र दीगो शहरी तथा बस्ती विकासलाई प्रवर्द्धन गरिनेछ ।

६७) सम्बन्धित निकायसँगको आवश्यक समन्वय र सहजीकरणमा पुर्ननिर्माण र प्रबलीकरणको कार्य सम्पन्न गरिने छ । भूकम्पीय जोखिमबाट बच्नका लागि भूकम्प प्रतिरोधी घरसंरचना निर्माणलाई अनिवार्य गरिने छ । भूकम्प कुनै पनि वखत आउन सक्ने यर्थाथतालाई मनन गरी पूर्व तयारी स्वरुप खुला स्थान र तत्कालको लागि आवास तथा सामाग्री व्यवस्थापन स्थलको पहिचान गरिनेछ ।

६८) सम्बन्धित निकायसँगको समन्वयमा हनुमन्ते करिडोर निर्माणको कामलाई अघि बढाइनेछ भने नयाँ शहर आयोजना यथाशक्य चाँडो शुरु गर्न पहल गरिनेछ ।

६९) नगरक्षेत्रभत्रिका सबै बाटोको नक्सांकन कार्य सकिएकोले यस वर्ष नामांकन गरी निर्माण सम्पन्न भएका घरहरुलाई सोही बमोजिम घर नम्बर जारी गर्ने प्रणालीको शुरुवात गरिनेछ ।

७०) सार्वजनिक जग्गाको अभिलेखीकरण, संरक्षण र सार्वजनिक हितमा प्रयोग गर्ने नीतिलाई निरन्तरता

दिइनेछ। अभिलेखमा भएका जग्गाको दीगो उपयोगको नीति अनुरुप संरक्षण गर्दै गराउँदै लगिनेछ।

७१) एकीकृत शहरी विकास योजना अनुसार नेपाली मौलिकता सहितको वातावरणमैत्री दिगो पूर्वाधार विकासको लागि नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत मन्त्रालय/निकायसँगको साझेदारी र समन्वयमा स्रोत परिचालन गरिनेछ।

७२) निर्माणाधिन सडकहरुको निर्माण सम्पन्न गरी शाखा र सहायक सडकहरुको बिस्तार तथा स्तरउन्नती गर्दै लगिनेछ। कालोपत्रे गरिएका सडकमा फुटपाथ निर्माण तथा सौन्दर्यता कायम गर्न हरियाली प्रवर्द्धन गरिनेछ। सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार कार्यलाई योजनावद्ध ढंगबाट कार्यान्वयन गर्न मर्मत संभार कोषको व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

७३) सडक पूर्वाधार विकासलाई थप व्यवस्थित गरी सडकजन्य जोखिम न्यूनीकरण गर्न नगरक्षेत्रभित्रका सडक चोक तथा सार्वजनिक स्थलमा उज्यालो नगर कार्यक्रम अन्तर्गत सडक बत्ति जडान र जडित बत्तीको नियमित संचालनको सुनिश्चितता गरिनेछ।

७४) नगर क्षेत्रभित्र सञ्चालनमा रहेका यातायात सेवालाई व्यवस्थित र नियमित गराई प्रत्येक वडामा सार्वजनिक यातायातको पुहुँच सुनिश्चित गर्न निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ। सडक दुर्घटना जोखिम न्यूनिकरण गर्न ट्राफिक प्रहरी तथा निजी क्षेत्रको सहकार्यमा सचेतनामूलक विविध कार्यक्रम सञ्चालन गरिनेछ। सडक सुरक्षाको लागि ट्राफिक प्रहरीलाई सडक सुरक्षा सामग्री तथा सिसिटिभी जडानमा सहयोग गरिनेछ।

७५) नगरपालिकाभित्र संचालित अधुरा आयोजनालाई समयमै सम्पन्न गर्ने नीति लिइनेछ। आयोजना छनौट, सञ्चालन र व्यवस्थापनमा दोहोरोपना आउन नदिन नगर आयोजना बैंकको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। आवश्यकता, औचित्यता र स्रोतको उपलब्धताको आधारमा आयोजनाको वर्गीकरण र प्राथमिकीकरण गरी कार्यान्वयनको प्रबन्ध गरिनेछ। विकास निर्माणमा अध्ययन, अनुसन्धानलाई जोड दिँदै विस्तृत अध्ययन र डिजाइन तयार भएपछि मात्रै निर्माण प्रकृया थालनी गर्ने पद्धति संस्थागत गरिनेछ। पूर्वाधार निर्माणमा जोखिम न्यूनिकरणलाई प्राथमिकता दिइनेछ।

७६) ठूला र दीर्घकालीन महत्वका पूर्वाधार निर्माणलाई प्राथमिकता दिई तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ। तोकिएको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने नीति लिइनेछ।

७७) बढ्दो शहरीकरण र सवारी साधनको चापलाई व्यवस्थित गर्न नगर क्षेत्रमा भएका खुला क्षेत्रहरुको पहिचान गरी सामुदायिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा स:शुल्क तथा नि:शुल्क पार्किङ्गको व्यवस्था गरिनेछ। ५ हजार वर्गफिट भन्दा बढी क्षेत्रफल भएका भवन निर्माण गर्दा घरधनीले पार्किङ्गको व्यवस्था सहितको भवन डिजाइन गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

७८) प्रत्येक वडामा कम्युनिटीहल, सुविधा सम्पन्न पुस्तकालय, खेलमैदान, फुटसल, पौडी पोखरी, जिमहल आदि निर्माणर निर्मित पूर्वाधार सञ्चालन तथा व्यवस्थापनको दिगोपनाको लागि सार्वजनिक निजी साझेदारी गरिनेछ ।

७९) "एक घर एक धारा" अभियानलाई निरन्तरता दिँदै पानीका मूल र मूहानको संरक्षण गरी "एक घर एक धारा स्वच्छ खानेपानी नगरको अभिभारा" लाई सार्थक बनाउन प्रयास गरिनेछ । लिफ्ट खानेपानी योजनालाई दीगो र टिकाउ बनाउन रिचार्ज प्रणालीमा सुधारको लागि जलाधार क्षेत्र निर्माण तथा विकास गर्दै लगिनेछ । विज्ञ र अन्तर्राष्ट्रिय साझेदार निकायको प्राविधिक सहयोगमा वन क्षेत्रमा कृत्रिम पोखरी निर्माण गर्ने प्रयास थालिने छ ।

८०) खानेपानीको स्रोत संरक्षणको लागि ऐतिहासिक ढुंगेधारा र कुवा तथा परम्परागत स्रोतलाई सम्पदाकै रुपमा संरक्षण गर्नुको साथै जलाधारको दिगो संरक्षणका लागि मापदण्ड बनाई कार्यान्वयन गरिनेछ । नगरक्षेत्रका सबै जलाधारयुक्त खानेपानी मुहान तथा कुवाहरुको अभिलेख बनाई तिनको उपयोग र वितरणको मापदण्ड निर्धारणको साथै खानेपानी उपभोक्ता समितिको दर्ता, नवीकरण र नियमनको व्यवस्था मिलाइनेछ । संघ तथा प्रदेश सरकारको सहलगानीमा ठूला खानेपानी आयोजना कार्यान्वयन र मेलम्ची खानेपानी आयोजना बिस्तारको कामलाई तिव्रता दिन प्रयास गरिनेछ ।

८१) सञ्चालनमा रहेका ढल प्रणालीलाई प्रविधिमैत्री ढङ्गबाट व्यवस्थापन गरी बाँकी क्षेत्रमा नयाँ योाजना सञ्चालन गरिदै लगिनेछ । संघीय शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतको वडा नं १, ४, ७ र ८ को ढल निकास तथा प्रशोधन केन्द्र संचालन र साना शहरी आयोजना अन्तर्गतका आयोजनाहरु कार्यान्वयनमा पहल गरिनेछ ।

८२) पूर्ण सरसफाइ रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । नगर क्षेत्रको वातावरण संरक्षण तथा फोहरमैलाको दिगो व्यवस्थापनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारसँगको सहयोगमा संभाव्यता अध्ययन थालनी गरिनेछ । वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापनमा निजी, सहकारी, गैरसरकारी संस्था र अन्य नगरपालिकासँग समन्वय र सहकार्य गरिनेछ ।

८३) फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन र फोहोरलाई मोहरमा रुपान्तरण गर्दै उर्जा र जैविक मल उत्पादन गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अगाडि बढाइनेछ । सड्ने गल्ने खालका घरायसी फोहोर घरमै जम्मा गरी त्यसको प्रयोग मार्फत कौसीखेती कार्यक्रम प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ । फोहरमैला व्यवस्थापनका अगुवाहरुलाई सम्मान गर्ने कार्यको थालनी गरिनेछ ।

८४) नगरक्षेत्रभित्र सार्वजनिक शौचालय नभएका सार्वजनिकस्थलमा शौचालयको निर्माणको थालनी गरिनेछ ।

८५) सूर्यविनायक नगरलाई विपद् जोखिमबाट सुरक्षित शहर बनाउन जोखिममुक्त संरचना निर्माण, विपद् पूर्वसूचना प्रणालीको विकास र विपद सम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिइनेछ। संभावित जोखिमयुक्त स्थानमा जोखिम नक्सांकन तथा विश्लेषण गरी जोखिमयुक्त बस्तीको सुरक्षित स्थानान्तरण तथा एकीकृत बस्ती विकासको नीति लिइनेछ ।

८६) विपद जोखिम न्यूनीकरण, प्रतिकार्य, एवं पूर्व तयारीका लागि आवश्यक तालिम तथा क्षमता विकासको साथै विपद व्यवस्थापन रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार, निजीक्षेत्र, सहकारी र सामुदायिक तथा गैरसरकारी संस्थासँग आवश्यकता र प्राथिमकताका आधारमा सहयोग र सहकार्य गरिनेछ । विपद प्रतिकार्यमा सरकारी र गैरसरकारी क्षेत्रको सञ्जाल निर्माण गरी सचेतना तथा प्रतिकार्य कार्यक्रम सञ्चालन गरिनेछ ।

८७) बाढी, पहिरो लगायतका प्रकोपबाट सिर्जित विपदलाई तत्काल सम्बोधन गर्न नेपाली सेनाको इन्द्र बक्स गण र नगरपालिका तथा मातहतका वडा कार्यालयमा आवश्यक आधारभूत सामाग्री भण्डारणको व्यवस्था गरिनेछ ।

८८) सबै वर्ग र समुदायका नागरिकको स्रोत साधनमाथिको अवसर, पहुँच र लाभको बाँडफाँडमा समान हिस्सेदारी स्थापित गर्ने नीतिलाई निरन्तरता दिइनेछ। पछाडि परेका वर्ग र समुदायको आर्थिक सामाजिक सशक्तिकरणको लागि सीप, पूजी र प्रविधिमा पहुँचको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

८९) महिलालाई उत्पादन र आयआर्जनसँग जोड्न उनीहरुको सीप र क्षमता अभिवृद्धिको लागि महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाभित्रको सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थामा सुत्केरी गराउने आमाबच्चाको पोषणका लागि नेपाल सरकारले प्रदान गर्ने अनुदान रकम बराबर नगरपालिकाले थप अनुदान प्रदान गर्नेछ ।

९०) जोमिखमा परेका बालबालिकाको खोज, उद्धार, राहत, पुनःस्थापना र पुनर्भरणको लागि स्थापित कोषलाई बृद्धि गरी सो कोषको परिचालनबाट बालबालिका जोखिममुक्त नगर स्थापना गरिनेछ। बाल संरक्षण नीति तर्जुमा तथा बालमैत्री नगर घोषणा गरिनेछ। नगरपालिका तथा सबै वडामा बालमैत्री कार्यक्रम सञ्चालन गरी बालबालिकाको क्षमता र नेतृत्व विकास गरिनेछ ।

९१) ज्येष्ठ नागरिकमा भएको ज्ञान र सीप हस्तान्तरण गर्न ज्येष्ठ नागरिक चौतारी निर्माणको थालनी गरिनेछ। ८० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९२) बालमैत्री, ज्येष्ठ नागरिक मैत्री, अपाङ्गमैत्री पूर्वाधार एवं अन्य संरचना निर्माण, सहज जीवनको लागि विशेष सहयोगी सामाग्री वितरण गरिनेछ। अपांगता भएका बालबालिकाको स्याहार सुसार र विकासको लागि स्थापित संस्थाहरुलाई आवश्यक सहयोग गरिनेछ ।

९३) दलित, उत्पीडित, सीमान्तकृत, अल्पसंख्यक र पिछडिएका व्यक्ति एवं समुदायको लागि शिक्षा, स्वाथ्य रोजगारी र सामाजिक सशक्तिकरणमा विशेष ग्राहयता दिइनेछ ।

९४) लैंगिक विभेद र हिंसा, मानव बेचबिखन, सार्वजनिक र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालनका साथै यस विरुद्ध शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ। हिंसा पीडित तथा प्रभावितको उद्दार, राहत, मनोसामाजिक परामर्श, पुनर्स्थापना लगायत सामाजिक संरक्षण गर्न एकीकृत सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाको लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीति तर्जुमा गर्नुको साथै लैंगिक उत्तरदायी बजेट र सामाजिक परीक्षणको थालनी गरिनेछ।

९५) अपाङ्गता भएका व्यक्तिलाई मागमा आधारित सीप तथा क्षमता विकास कार्यक्रम सञ्चालन तथा आर्थिक रुपले विपन्न व्यक्तिका लागि आवश्यक सहायक सामग्रीहरु जस्तैः बैशाखी, सेतो छडी, ह्विल चेयर आदि वितरणको प्रबन्ध मिलाइनेछ। नगरक्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने अशक्त, अपाङ्गता भएका व्यक्ति र विपन्न नागरिकलाई जीविकोपार्जनमा सहयोग गर्न नगरप्रमुख राहत कोष मार्फत आवश्यक व्यवस्था मिलाइनेछ।

९६) सडक मानवमुक्त नगर बनाउनको लागि असहाय, अलपत्र परेका, आश्रयहिन व्यक्तिको उद्दार तथा पुनर्स्थापना कार्यमा निजीक्षेत्र, सामुदायिक संघसंस्था र गैरसरकारी संघसंस्थासँग सहकार्य र साझेदारी गर्नुको साथै त्यस्ता कार्यमा संलग्न व्यक्ति तथा संघसंस्थाको योगदानको कदर गर्दै आवश्यक सहयोग, समन्वय र सहकार्य गरिनेछ।

९७) अन्तरसरकारी तथा सामुदायिक र विकास साझेदार निकायसँगको समन्वय र साझेदारीमा हिंसा प्रभावितहरुको लागि सेफ होम, बालगृह, ज्येष्ठ नागरिक मिलन केन्द्र लगायतका भौतिक संरचना निर्माणको लागि संभाव्यता अध्ययन गरिनेछ।

९८) सहकारी ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम सहकारी संस्था दर्ता तथा सञ्चालित सहकारीहरुको नियमित अनुगमन र नियमन गरिनेछ। नगरक्षेत्रमा संचालित सहकारी संस्थाको अभिलेख व्यवस्थित गर्ने कार्य सम्पन्न गरिनेछ।

९९) नगरपालिका र सहकारी संस्थाबीचको सहकार्यमा स्थानीय उत्पादनको प्रवर्द्धन गरी रोजगारी र आय आर्जनमा जोड्ने रणनीति अबलम्बन गरिनेछ। सहकारी मार्फत् जनताको जीवनस्तरबृद्धि गर्न विषयक्षेत्रगत रुपमा स्थापित सहकारीलाई व्यवस्थित गरी उत्पादनलाई बजारीकरण गर्न सहजीकरण गरिनेछ।

१००) सहकारी संस्थाको प्रवर्द्धन र संस्थागत क्षमता विकासको लागि विविध सीपमूलक तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक सहकारीले वार्षिक रुपमा कम्तिमा दुईवटा सामाजिक कार्य गरी सोको प्रतिवेदन सम्बन्धित वडा कार्यालय र नगरपालिकामा पेश गर्ने कार्यलाई कडाइका साथ अनुगमन गर्नुको साथै एक सहकारी दुई सामाजिक उत्तरदायित्व र एक सहकारी अनेक

उत्पादन नीति कार्यान्वयन गरिनेछ ।

१०१) संस्था दर्ता सम्बन्धी कानूनी प्रबन्ध गरिनेछ । नगरपालिकामा दर्ता भएका र नगरक्षेत्रमा काम गर्ने संस्थाहरुको नियमन प्रभावकारी बनाइनेछ । नगरपालिकाको नीति, उद्देश्य र कार्यक्रमसँग हातेमालो गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थालाई सूचीकृत गरी नगरक्षेत्रभित्र सामाजिक-आर्थिक विकास, वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद व्यवस्थापन लगायतका क्षेत्रमा उनीहरुको सहयोगको क्षेत्र तथा नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा सहकार्य र साझेदारी गरिनेछ ।

१०२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरुसँग भगिनी सम्बन्ध स्थापना तथा आपसी द्विपक्षीय सम्बन्ध कायम गरी नगरपालिकाको हित अभिवृद्धि गर्न प्रयास गरिने छ ।

१०३) नगरभित्रको शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाई आम नागरिक र सम्पत्तिको सुरक्षाको प्रत्याभूति गर्न नगर प्रहरीको क्षमता अभिवृद्धि गर्नुको साथै नगरगस्तीलाई नियमित र प्रभावकारी बनाइनेछ । नगरपालिकाभित्र सुरक्षाको संवेदनशीलताको दृष्टिले महत्वपूर्ण स्थानमा सामाजिक संघसंस्था र नेपाल प्रहरीसँगको समन्वय तथा सहकार्यमा सिसिटिभी जडान कार्यलाई निरन्तरता दिइनेछ ।

१०४) नेपालको संविधान र प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहको अधिकार सूचीमा परेका विषयक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक कानून निर्माण र कार्यान्वयनमा रहेका कानूनहरुको समयानुकूल परिमार्जन गरिनेछ ।

१०५) न्याय सम्पादनलाई सहज पहुँचयुक्त र छिटोछरितो बनाइनेछ । न्यायिक समितिको भूमिकालाई थप प्रभावकारी बनाउँदै उजुरी/विवादको समयमै निरुपण गरी पीडितलाई न्यायको प्रत्याभूति दिलाउन न्यायिक समितिको क्षमता विकास गरिनेछ । उजुरीको कारवाही किनाराको समयलाई अझै छोट्टयाउदै लगिने छ । सबै वडामा मेलमिलापकर्ताको भूमिकालाई थप सशक्त र प्रभावकारी बनाइनेछ ।

१०६) स्थानीय कानूनको विषयमा आम जनसमुदायलाई जानकारी गराउन स्थानीय कानून सम्बन्धी विषयका साथै मौलिक हक र मानवअधिकार सम्बन्धी कानूनका विषयमा कानूनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७) व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउन विद्यालय तथा वडास्तरमा सचेतनामूलक कार्यक्रम संचालन गर्नुको साथै गत आर्थिक वर्षमा छुटेका घटना किताब डिजिटाइजेशनको काम सम्पन्न गरी विवरण अद्यावधिक गरिनेछ ।

१०८) भ्रष्टाचार र अनियमितता विरुद्ध शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिइने छ । सेवा प्रवाहमा अनियमितता तथा सरकारी स्रोत साधन र सम्पत्तिको अनाधिकृत प्रयोग एवं दोहन गर्नेलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ । सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा

सबैसँग हातेमालो गरिनेछ ।

१०९) नगरपालिकाको वित्त व्यवस्थापनलाई थप पारदर्शी र उत्तरदायी बनाउन, खर्चको गुणस्तर र मितव्ययिता कायम गर्न र सम्बन्धित व्यक्ति एवं निकायलाई जवाफदेही बनाउन नगर आर्थिक कार्यविधि ऐन लगायत संघीय र प्रादेशिक आर्थिक ऐनहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

११०) सालवसाली रुपमा रहदै आएको पुरानो पेश्की, बेरुजु फर्छ्यौटलाई प्रभावकारी बनाउँदै पुरानो बेरुजु भएको पक्ष वा व्यक्ति मार्फत भौतिक पूर्वाधार विकास, लक्षित वर्गको कार्यक्रम तथा उपभोक्ता समितिको कार्य नगर्ने नगराउने नीतिगत व्यवस्थालाई निरन्तरता दिइनेछ । रनिङ्ग बिल र कार्य प्रगतिको आधारमा भुक्तानी गर्ने परिपाटीलाई संस्थागत गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।

१११) बजेट अनुमान र खर्चलाई थप यथार्थपरक बनाइनेछ । फजुल र अनुत्पादक खर्चमा कटौती गरी चालू खर्चमा मितव्ययिता कायम गरिनेछ । आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी तुल्याउँदै अन्तिम लेखापरीक्षणबाट दिइएका सुझावहरु कार्यान्वयन गरिनेछ ।

११२) सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गरिनेछ । भौतिक पूर्वाधार निर्माण तथा सार्वजनिक खरिद गर्दा खरिद कानूनमा भएका व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११३) नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगलाई नियमित र प्रभावकारी बनाई पारदर्शीता, उत्तरदायित्व र जनविश्वास आर्जन गर्ने कार्यगत व्यवस्था मिलाइनेछ । मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा प्रतिवेदन तयार गरी त्यसको सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

११४) विधिको शासन, पारदर्शीता, नतिजामुखी व्यवस्थापन, जवाफदेहिता जस्ता प्रभावकारी शासनका मूलभूत मान्यतालाई दृढताकासाथ अबलम्बन गरी सार्वजनिक सेवामा समतामूलक पहुँच सुनिश्चित गरिनेछ । नगरपालिका र अन्तर्गतबाट प्रवाह हुने सेवालाई सर्वसुलभ, छरितो र प्रभावकारी बनाउन यस अघि प्रयोगमा रहेका प्रणालीको प्रभावकारी कार्यान्वयनको साथै एकीकृत र प्रविधिमैत्री सेवा प्रवाहको व्यवस्था मिलाउन अफिस अटोमेशन प्रणालीको विकास गरी कार्यान्वयन मार्फत यस नगरपालिकालाई प्रविधिमैत्री पालिकाको रुपमा स्थापित गरिनेछ ।

११५) बागमती प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७८ बमोजिम नगरपालिकाको संगठन संरचना, दरबन्दी र पदनाम मिलाई सोही अनुसार जनशक्ति व्यवस्था र तिनको क्षमता विकास गरी चुस्त र कार्यात्मक कार्यसम्पादनको प्रबन्ध गरिनेछ । क्षमता विकास योजना अनुसार कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम तथा कार्यक्रमको व्यवस्था गरिनेछ । संस्थागत सुदृढीकरण

अन्तर्गत ५ नं. वडा कार्यालय र १ नं. वडा कार्यालयको भवन निर्माण थालनीको प्रयास गरिनेछ ।

११६) नगरपालिकाको सबै खाले सूचना एवं तथ्याङ्क व्यवस्थित गर्न नगरपालिकामा सूचना केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ । यस मार्फत नगरपालिकाको आधिकारीक सूचना, एवं गतिविधिको अद्यावधिक जानकारी द्रुत गतिमा सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । नगरपालिकाको वेवसाइट, फेसबुक पेजर बुलेटिन प्रकाशनलाई व्यवस्थित गरिनेछ । नगरपालिकाभित्र रहेका शिक्षा, स्वास्थ्य, कृषि, सहकारी तथा अन्य विभिन्न संघ संस्थाको संख्या यकीन गर्न नगर डाटा बैंकको स्थापना गरिनेछ ।

११७) कार्यरत सबै कर्मचारीलाई कार्यविवरण, कार्यविवरण बमोजिम कार्यसम्पादन सम्झौता र कामका आधारमा कर्मचारीलाई पुरस्कृत वा दण्डित गर्ने नीति अवलम्बन गरिनेछ। कार्यसम्पादन सम्झौतालाई नतिजा सूचकमा आधारित बनाइनेछ। नगरपालिकाको आर्थिक अवस्था एवं क्षमताको अध्ययन र विश्लेषण गरी सोको आधारमा नगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीलाई निश्चित प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ ।

११८) इमान्दार, दक्ष र कार्यसम्पादनमा अब्बल ठहरिएका कर्मचारीलाई वर्ष कर्मचारीबाट पुरस्कृत गरिनेछ । तीनवर्ष वा सो भन्दा बढी अवधि देखि नगरपालिका र मातहतका वडा कार्यालयमा निरन्तर सेवा गरेका अस्थायी वा करारका कर्मचारीका लागि उनीहरुको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सोही बराबरको रकम नगरपालिकाले थप गरी संचयकोषमा जम्मा गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । नगरपालिका र मातहत कार्यरत सबै कर्मचारी र नगरपालिकामा निर्वाचित सबै जनप्रतिनिधिलाई नेपाल सरकारले लागू गरेको स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुन चाहेमा लाग्ने खर्चको ५० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

११९) सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजस्व प्रशासनको दायराभित्र ल्याइनेछ । यसको लागि "हाम्रो कर, हाम्रै विकासको भर" अभियान सञ्चालन गरी प्रचलित कानून अनुसार निर्धारण भएको वहाल कर र ब्यवसाय दर्ता तथा व्यवसाय कर संकलनका लागि व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी अभियानमूलक कार्यक्रम सञ्चालन तथा नगर प्रहरीलाई राजस्व संकलन कार्यमा सक्रियताका साथ परिचालन गरिनेछ। आन्तरिक श्रोतको दिगो ब्यवस्थापन गर्दै स्रोत परिचालन गर्न राजस्व सुधारको कार्य योजना लागू गरिनेछ ।

१२०) राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासमा लगानी गरिनेछ । करदातामैत्री कर संकलन नीति, उत्कृष्ट करदातालाई सम्मान तथा प्राथमिकता प्राप्त र आम नागरिकको जीवन उत्थान कार्यक्रमको लागि कर छुट कार्यक्रम सञ्चालन गरिनेछ । नेपाल सरकार तथा प्रदेश सरकारले उद्योगी तथा

व्यवसायीलाई दिने छुट सुविधा प्राप्तिमा नगरपालिकाले सहजीकरण र सहयोग गर्नेछ ।

१२१) नगरपालिकामा हाल लागू गरिएको अनलाइन राजस्व प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ । राजस्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आवद्ध गरी त्यस्ता करदाताको लागि नगरपालिका र मातहतका कार्यालयबाट उपलब्ध गराइने सेवामा नियन्त्रण गरिनेछ ।

माननीयज्यूहरु तथा नगर सभाका सदस्यहरु,

१२२) नगरपालिकाबाट प्रवाह हुने सेवालाई व्यवसायिक, प्रतिस्पर्धी, जनमुखी, पारदर्शी र प्रविधिमैत्री बनाउदै सुशासनलाई संस्थागत गर्दै जनताको नजिकमा रहेर नागरिकलाई पुऱ्याउनु पर्ने कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, पूर्वाधार निर्माण लगायतका सार्वजनिक सेवा सुविधाको प्रभावकारी ढंगबाट प्रवाह गर्न सरकारी, निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्दै सुशासन र विकासलाई संस्थागत गर्ने हिसाबले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

१२३) सूर्यविनायक नगरपालिकाको सार्वभौम यस नगरसभामा पेश भएको आर्थिक वर्ष २०७९।८० को प्रस्तावित नीति तथा कार्यक्रमले हालसम्म हासिल गरिएका उपलब्धिलाई संरक्षण र संस्थागत गर्ने, रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धन गर्ने र सबै किसिमका विभेद तथा असमानताको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्ने अठोट लिएको छ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत यही नीति तथा कार्यक्रम कार्यान्वयनको दिशामा निर्देशित भई तयार पारिने छ ।

१२४) प्रस्तावित नीति तथा कार्यक्रम समृद्ध सूर्यविनायक नगरपालिका बनाउने लक्ष्यको मार्गदर्शक दस्तावेजको रुपमा रहेकोले यसको सफल कार्यान्वयनबाट समृद्ध नगर निर्माणमा योगदान पुग्नेछ । नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सबै पक्षको साथ र सहयोग जरुरी भएकोले नेपाल सरकार तथा प्रदेश सरकार, नगरमा क्रियाशील राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, संचारमाध्यम र आम नगरबासीको ऐक्यवद्धताको अपेक्षा गरेको छु । नीति तथा कार्यक्रम निर्माण र यस सूर्यविनायक नगरपालिकाको समग्र विकासमा योगदान पुऱ्याउनु हुने नगरबासी दिदीबहिनी, दाजुभाइ राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार माध्यम लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

वासुदेव थापा
प्रमुख, सूर्यविनायक नगरपालिका
कटुन्जे, भक्तपुर ।